# मैवाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## साँघु, ताप्लेजुङ

स्थापना: २०७३

१ नं. प्रदेश नेपाल

मिति:२०७९/११/०८

(कार्यपालिका बैठक)

बैठक संख्या: १६

बैठक सुरू समय: विहान ११ बजे

बैठकको अध्यक्षता: विजय प्रकाश वनेम

उपस्थिति:

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विजय प्रकाश वनेम | अध्यक्ष | |
| २ | श्री कमल कुमारी लिम्बु | उपाध्यक्ष | |
| ३ | श्री चन्द्र कुमार तामाङ | १ नं. वडाध्यक्ष | |
| ४ | श्री नरेन्द्र लिम्बु | २ नं. वडाध्यक्ष | |
| ५ | श्री खगेन्द्र थक्लुङ | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री फुर्वा शेर्पा | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री [illegible] | ५ नं. का.वा. वडाध्यक्ष | |
| ८ | श्री राजुमान लिम्बु | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री रिता शेर्पा | सदस्य | रिता सेर्पा |
| १० | श्री पासाङ ग्याल्बु शेर्पा | सदस्य | |
| ११ | श्री बिनु लिम्बु | सदस्य | |
| १२ | श्री तुलसा बराईली | सदस्य | |
| १३ | श्री सुनिता फागो | सदस्य | |
| १४ | श्री नर कुमारी लिम्बु | सदस्य | |
| १५ | श्री लक्ष्मी माया गोम्देन | सदस्य सचिव | |

**मैवाखोला गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**साँघु, ताप्लेजुङ**
**स्था: २०७३**

पत्र संख्या:- २०७९|८०

चलानी नं:-

(१.नं. प्रदेश नेपाल)

मिति:-२०७९/११/०८

मैवाखोला गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७९\११\०८ गते बसेको १६ औँ बैठकको निर्णयहरू

| सि.नं. | निर्णय विवरणहरू | कैफियत |
|---|---|---|
| १ | पुस्तकालय निर्माणका लागि संघको शशर्त बजेटबाट विनियोजित रकम ६,५०,००० लाई आधा आधा गरी श्री सरस्वती आ.वि. चित्रे र ठोट्ने सिंहराज मनरानी आधारभूत विद्यालयलाई दिने निर्णय गरियो । साथै श्री पाटीडाँडा माध्यमिक विद्यालयलाई विज्ञान प्रयोगशाला दिने सर्वसम्मतले निर्णय गरियो । | |
| २ | शिक्षा विज्ञान तथा मानव स्रोत विकास केन्द्रबाट श्री नारायणी मा.वि. लाई नमुना विकासका लागि छनोट भएको र सो विद्यालयको लागि जग्गा आवश्यकता परेको हुँदा जग्गा धनी श्री डम्बर कुमारी लिम्बुको नाममा रहेको कि.नं. ४५७ को क्षेत्रफल ४-१३-१-२ र कि.नं. ४६५ को क्षेत्रफल ३-३-३-२ मध्येबाट क्षेत्रफल १-६-३-३ जग्गा, श्री सुकमति लिम्बु र डम्बर कुमारी लिम्बुको संयुक्त नाममा रहेको कि.नं. ४५७ को क्षेत्रफल ४-१३-१-२ र कि.नं. ४६५ को क्षेत्रफल ३-३-३-२ मध्येबाट क्षेत्रफल १-६-३-३ को जग्गा, श्री हरि लिम्बुको नाममा रहेको कि.नं. ४५५ को क्षेत्रफल १-१२-१-१ र कि.नं. ४५३ वाट क्षेत्रफल १-७-०-३ रहेको जग्गा र श्री दिल माया लिम्बुको नाममा रहेको कि.नं. ४५६ को क्षेत्रफल ४-४-३-२ रहेको जग्गा विद्यालयको नाममा दानको रूपमा लिने सर्वसम्मतले निर्णय गरियो । | |

| | | |
|---|---|---|
| ३ | विपद व्यवस्थापन कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ अध्ययन गरी आजको बैठकबाट सर्वसम्मतले निर्णय गरियो । | |
| ४ | मिल्के हुँदै गोरुजुरे, सभापोखरी र असाङ्लुङसम्मको पर्यटकीय पदमार्ग निर्माणका लागि DPR समेत तयार भई सकेको हुनाले उक्त कार्यको लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पेश गर्ने निर्णय गरियो । | |
| ५ | प्राथमिक स्वास्थ्य केन्द्र तेम्बेमा इन्टरनेट जडानका लागि रु ६०,०००\- दिने निर्णय गरियो । | |
| ६ | प्राथमिक स्वास्थ्य केन्द्र तेम्बेमा x-rey तथा ECG मेशिन लगायतका सामग्री जडानका लागि विराटनगरबाट ल्याइएको टेक्निसियनलाई रु १०००००\- विविध शीर्षकबाट दिने सर्वसम्मतले निर्णय गरियो । | |
| ७ | मैवाखोला गाउँपालिका अन्तरगत मझुवा ताम्राङ हुँदै टिमबुरे खोला सम्मको सडक विस्तारका लागि DPR समेत तयार भई सकेको हुनाले उक्त कार्यालयका लागि सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय प्रदेश नं. १ नेपालमा पेश गर्ने निर्णय गरियो । | |
| ८ | मैवाखोला गाउँपालिका वडा नं. ५ मा बसोबास गर्ने श्री लाक्पा छेकी शेर्पा भिरबाट लडी अपाङ्ग भएको साथै सुगर तथा ब्लड प्रेसर रोगबाट ग्रसित भएको हुँदा उनलाई रु ५०,०००, मैवाखोला गाउँपालिका वडा नं. ४ निवासी क्यान्सर पीडित आशादेवी लिम्बूलाई १०००००\-, मैवाखोला गाउँपालिका वडा नं. ५ मा बसोबास गर्ने हर्निया रोग पीडित श्री दालामु शेर्पालाई ५०,०००\- अध्यक्ष स्वास्थ्य सहयोग कोषबाट दिने सर्वसम्मतले निर्णय गरियो । | |
| ९ | श्री जनकल्याण मा.वि तेल्लाबुङको खेलमैदान निर्माणका लागि DPR समेत तयार भई सकेको हुनाले उक्त कार्यालयका लागि सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ नेपालमा बजेट माग गर्ने निर्णय गरियो । | |
| १० | नेपाल सरकार शहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विभागको च.नं. २३०,मिति २०७९\१०\१६ गतेको प्राप्त पत्रानुसार झोलुङ्गे पुल मागको विवरण उपलब्ध गराउने भने बमोजिम तपशील बमोजिमको झो.पु माग गर्ने निर्णय गरियो । | |

| | | |
|---|---|---|
| | तपशील<br>क) नेरुवाखोला झो.पु. वडा नं. -४ सौरैनी<br>ख) बगैँचेखोला झो.पु. वडा नं. -६ साम्तुङ<br>ग) याम्फेवा खोला झो.पु. वडा नं.- ४ लिसिङबारी<br>घ) नेङ्वाखोला झो.पु. वडा नं.-६ साम्तुङ<br>ङ) मझुवाखोला झो.पु. वडा नं.-६ साम्तुङ | |
| ११ | मैवाखोला गाउँपालिकाका अध्यक्ष श्री विजय प्रकाश वनेमज्यू विविध योजनाहरू माग गर्नका लागि काठमाण्डौ जानु पर्ने भएको हुनाले उहाँको भ्रमण सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो। | |
| १२ | निम्न क्लबहरूलाई खेलकुद आयोजनाका लागि विविध शिर्षकबाट खर्च हुने गरी अनुदान उपलब्ध गराउने निर्णय गरियो।<br>क) श्री समाज सेवा युबा क्लब मैवाखोला-६ रू. ५०,०००।-<br>ख) श्री न्यू जाम्लिङ स्पोटिङ क्लब मैवाखोला-५ रू. ५०,०००।- | |
| १३ | मदन भण्डारी स्मृति रङ्गशाला निर्माण कार्य गत आर्थिक वर्षहरूमा शुरू भएको तर सम्पन्न नभई लथालिङ्ग अवस्थामा रहेकाले यसको कार्य सम्पन्न गर्नका लागि बजेट आवश्यक पर्ने भएकोले उक्त बजेट नेपाल सरकार खेलकुद मन्त्रालयमा माग गर्ने निर्णय गरियो। | |